# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, फागुन २ गते २०४५ साल (अतिरिक्ताङ्क ६३

## भाग ३

श्री ५ को सरकार

### आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

**नगर विकास कोष समिति (गठन) आदेश, २०४५**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:

१.१ यस आदेशको नाम "नगर विकास कोष समिति (गठन) आदेश, २०४५" रहेको छ ।

१.२ यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :

२.१ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा –

२.१.१ "समिति" भन्नाले दफा ३ बमोजिम गठित नगर विकास कोष समिति सम्झनुपर्छ ।

२.१.२ "कोष" भन्नाले समितिको इक्विटी, अनुदान, ऋण तथा आम्दानीका अन्य स्रोतहरू रहने नगर विकास कोष सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.१.३ "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस आदेश अन्तर्गतको नियम वा विनियममा तोकिएको वा तोकिए-बमोजिम सम्झनुपर्छ ।

## ३. समितिको गठन :

३.१ नगर पञ्चायतहरूको विकासका लागि आर्थिक र प्राविधिक सहयोग प्रदान गर्नको निमित्त उत्तराधिकारवाला संस्थाको रूपमा नगर विकास कोष समिति नामको एक समिति गठन गरिएको छ ।

३.२ उपदफा ३.१ बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् :–

३.२.१ सचिव, आवास तथा भौतिक योजना मन्त्रालय – अध्यक्ष

३.२.२ अतिरिक्त सचिव, पञ्चायत तथा स्थानीय विकास मन्त्रालय–सदस्य

३.२.३ सह-सचिव, अर्थ मन्त्रालय (वैदेशिक सहायता समन्वय महाशाखा) – सदस्य

३.२.४ प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालय – सदस्य

३.२.५ महानिर्देशक, आवास तथा शहरी विकास विभाग – सदस्य

३.२.६ प्रतिनिधि, नेपाल राष्ट्र बैंक – सदस्य

३.२.७ सबै विकास क्षेत्रहरूको प्रतिनिधित्व हुने गरी नगर पञ्चायतका प्रधान पञ्चहरूमध्येबाट श्री ५ को सरकारले तोकेको पाँचजना प्रधान पञ्चहरू – सदस्य

३.२.८ नेपाल राष्ट्र बैंकद्वारा मनोनीत वित्त संस्थाको एकजना प्रतिनिधि – सदस्य

३.२.९ कार्यकारी निर्देशक – सदस्य-सचिव

३.३ श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ ।

३.४ उप-दफा ३.२.७ र ३.२.८ बमोजिमका सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

३.५ उप-दफा ३.४ मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले आवश्यक देखेमा उपदफा ३.२.७ बमोजिमका सदस्यहरूको पदावधि समाप्त नहुँदै त्यस्ता सदस्यहरूलाई हटाई बाँकी अवधिको निम्ति सोही उप-दफाबमोजिम अर्को सदस्य तोक्न सक्नेछ ।

६५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. समितिको काम, कर्तव्य र अधिकारः

४.१ नगर पञ्चायतहरूको विभिन्न विकास आयोजनाहरूलाई कार्यान्वयन गर्ने प्रयोजनको लागि प्रभावकारी र सुव्यवस्थित रूपमा कोषको सञ्चालन गर्नु समितिको कर्तव्य हुनेछ ।

४.२ उप-दफा ४.१ मा उल्लेखित कर्तव्य पालनको लागि समितिले देहायका कामहरू गर्नेछः–

४.२.१ समितिको सञ्चालन र व्यवस्थापनसम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्ने ।

४.२.२ समितिको वार्षिक तथा आवधिक कार्यक्रम तयार पार्ने ।

४.२.३ समितिको लागि आवश्यक वार्षिक बजेटको व्यवस्था गर्ने ।

४.२.४ समितिको लागि आवश्यक स्रोत परिचालन गर्ने ।

४.२.५ नगर पञ्चायतहरूले पेश गरेका विकास योजना र कार्यक्रमहरूको सञ्चालनको लागि आर्थिक र प्राविधिक सहयोग प्रदान गर्न अनुदान तथा ऋण उपलब्ध गराउने ।

४.२.६ समितिको सहयोगबाट नगर पञ्चायतहरूले सञ्चालन गरेको योजना र कार्यक्रमहरूको सुपरिवेक्षण र मूल्याङ्कन कार्यलाई टेवा दिने ।

४.२.७ समितिका सम्बन्धमा श्री ५ को सरकार र विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्गठन तथा संस्थाहरूबीच भएको सम्झौता अनुसार काम गर्ने ।

४.२.८ समितिको आवश्यकताबमोजिम कर्मचारीहरू, विशेषज्ञहरू तथा सल्लाहकारहरू नियुक्त गर्ने ।

४.२.९ समितिको कामको कार्यान्वयनको लागि आवश्यकतानुसार उप-समितिहरू गठन गर्ने ।

४.२.१० श्री ५ को सरकारको स्वीकृति लिई समितिको कार्य सञ्चालनको लागि आवश्यक नियम र विनियम बनाउने ।

४.२.११ कार्यकारी निर्देशकले पेश गरेको वार्षिक प्रतिवेदनहरू स्वीकृत गर्ने र तिनीहरूलाई श्री ५ को सरकारसमक्ष पेश गर्ने व्यवस्था गर्ने ।

४.२.१२ समितिको उद्देश्यप्राप्तिका लागि अन्य आवश्यक व्यवस्थाहरू गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. समितिको बैठक र निर्णयः

५.१ समितिको बैठक अध्यक्षले तोकिदिएबमोजिम हुनेछ । समितिको बैठक कम्तिमा प्रत्येक चार महीनामा बस्नेछ ।

५.२ समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरूको उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५.३ समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

५.४ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिनेछ ।

६. कार्यकारी निर्देशकको नियुक्ति तथा काम, कर्तव्य र अधिकारः

६.१ श्री ५ को सरकारले कुनै व्यक्तिलाई समितिको कार्यकारी निर्देशकको पदमा नियुक्त गर्न सक्नेछ ।

६.२ समितिको दैनिक काम कारवाही तथा समितिले प्रत्यायोजित गरेका अन्य कार्यहरूको जिम्मेवारी कार्यकारी निर्देशकमा रहनेछ ।

६.३ कार्यकारी निर्देशकको कार्यावधि चार वर्षको हुनेछ । श्री ५ को सरकारले निजको कार्यावधि बढीमा अर्को चार वर्षको लागि थप गर्न सक्नेछ ।

६.४ उप-दफा ६.३ मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले आवश्यक देखेमा कार्यकारी निर्देशकलाई निजको कार्यावधि पूरा नहुँदै पनि उक्त पदबाट हटाउन सक्नेछ ।

६.५ कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए-बमोजिम हुनेछ ।

७. कोषः

७.१ समितिको कोषमा देहायबमोजिमका स्रोतबाट प्राप्त रकमहरू रहनेछन्:–

७.१.१ श्री ५ को सरकार वा कुनै व्यक्ति विशेषले उपलब्ध गराएका रकमहरू ।

७.१.२ कुनै विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्गठन तथा संस्थाले श्री ५ को सरकारमार्फत प्रदान गरेको ऋण तथा अनुदानहरू ।

७.१.३ ऋण परिचालनबाट प्राप्त आय लगायत अन्य कुनै रकमहरू ।

७.२ समितिका सबै खर्चहरू यसको आफ्नो कोषबाट व्यहोरिनेछ ।

६६०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. लेखा र लेखापरीक्षण:

८.१ समितिको लेखा तथा आर्थिक विवरणहरू प्रचलित कानूनबमोजिम राखिनेछ।

८.२ समितिको आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ।

८.३ लेखापरीक्षणको वार्षिक प्रतिवेदन समितिले आर्थिक वर्ष समाप्त भएको ६ महीनाभित्र श्री ५ को सरकारसमक्ष पेश गर्नेछ।

८.४ समितिको खाता तोकिएबमोजिम सञ्चालन हुनेछ।

९. अधिकार प्रत्यायोजन: समितिले आफ्नो सबै वा केही अधिकार कार्यकारी निर्देशक वा समितिले गठन गरेको कुनै उप-समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

१०. श्री ५ को सरकारसंग सम्पर्क: समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा आवास तथा भौतिक योजना मन्त्रालयमार्फत सम्पर्क राख्नु पर्नेछ।

११. समितिको कार्यालय:

११.१ समितिको प्रधान कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

११.२ समितिअन्तर्गतका अन्य कार्यालयहरू आवश्यकतानुसार नेपाल अधिराज्यका कुनै पनि स्थानहरूमा रहन सक्नेछन्।

१२. खारेजी: नेपाल राजपत्र खण्ड ३८ अतिरिक्ताङ्क ५९ मिति २०४५।९।२१ मा प्रकाशित नगर विकास कोष समिति (गठन) आदेश, २०४५ खारेज गरिएको छ।

आज्ञाले,
सन्तबहादुर राई
श्री ५ को सरकारको सचिव

६६१



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।